# Lockdown अवधिभर सिन्धुपाल्चोक जिल्लामा सन्चालित विभिन्न आयोजनाहरुको निर्माणकार्य सन्चालन गर्ने/गराउने सम्वन्धी कार्यविधि, २०७७

मिति २०७७।०१।०४ गते बिहिवारका दिन सिन्धुपाल्चोक जिल्लाको District COVID-19 Crisis Management Centre ले गठन गरेको यस उपसमितिले Lockdown अवधिभर जिल्लामा सन्चालित विभिन्न आयोजनाहरुको निर्माण कार्य सन्चालन गर्ने/गराउने प्रयोजनका लागि यो निम्नानुसारको प्रकृया अवलम्बन गर्ने गरी यो कार्यविधि तर्जुमा गरिएको छ।

१) यस अघि नै उपभोक्ता समिति गठन भई वा निर्माण व्यवसायी छनौट भई सम्झौता भैसकेका योजनाहरुको मात्र निर्माणको काम गर्न पाईनेछ। निर्माण व्यावसायी मार्फत गरीने कामको हकमा अर्थमन्त्रालयको प.सं. ७६।७७ च.नं. ६८७ मिति २०७६।१२।२० को परिपत्र अनुसार हुनेछ।

२) निर्माण स्थल वरिपरि (निर्माण स्थल रहेको वडा) कामदारहरु उपलब्ध भएको वा निर्माण स्थलको क्याम्पमा मौजुदा कामदारहरु भएको हुनु पर्नेछ। सोही वडामा कामदारहरु उपलब्ध हुन नसकेमा सोही स्थानीय तहका अन्य वडाका वा नजिकका स्थानीयत तहका कामदारहरुलाई काम लगाउन सकिनेछ। यसरी काममा लगाउने मजदुर/कामदारहरुलाई निर्माण व्यवसायी वा उपभोक्ता समितिले अनिवार्य रुपमा Labor Camp मा राख्नु पर्नेछ।

३) निर्माण कार्य सुचारु गर्नु पूर्व सम्बन्धित निर्माण व्यवसायी वा उपभोक्ता समितिले सम्बन्धित आयोजनामा कार्य गर्ने कामदारहरुको व्यत्तिगत विवरण तथा उक्त स्थानमा कति अवधिबाट रहदै आएको हो लगायतको स्पष्ट विवरणहरु सम्बन्धित वडा कार्यालय/स्थानीय तहलाई उपलब्ध गराइ सोको जानकारी जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकलाई dccmcchautara@gmail.com मा गराउनुपर्नेछ। निर्माण स्थल रहेको सम्बन्धित वडा कार्यालय/स्थानीय तह/स्थानीयबासीले निर्माण कार्य सुचारु गर्न सहयोग गर्नु पर्नेछ।

४) निर्माण व्यवसायी तथा उपभोक्ता समितिले कामदारहरुको आवश्यक स्वास्थ्य सुरक्षाको निम्ति निर्माण स्थलमा हात धुने साबुन पानी, Sanitizer, Mask तथा सेफटीको सामग्रीहरुको अनिवार्य व्यवस्था मिलाउनु पर्नेछ। सामाजिक दुरी (Social Distance) अधिकत्तम हुनेगरी कामदारहरु परिचालन गर्नुका साथै अन्य स्थानबाट २०७६ चैत्र १ गते अगावै आएका कामदारहरु रहेको अवस्थामा बस्नका लागि Labor Camp को व्यवस्था गर्नुपर्नेछ।

५) कामदार/मजदुरहरु २०७६ चैत्र १ गतेभन्दा अगावै देखि गाउँ वा Labor Camp मा बसेको हुनुपर्नेछ र सोको सुनिश्चितता उपभोक्ता समिति वा निर्माण व्यवसायीले गर्नुपर्नेछ। यस अघिनै Labor Camp मा बसेका मजदुर/कामदारहरुसँग मिसिएर स्थानीय मजदुर/कामदारहरुले काम गर्न चाहेमा आयोजनाले वा स्थानीय तहले निर्माण गरेको क्वारेन्टाइन स्थलमा १५ दिन बसेपछि मात्र काम गर्न पाइनेछ।

६) निर्माण व्यवसायी तथा उपभोक्ता समितिले स्थानीय निर्माण सामाग्रीहरु अधिकत्तम प्रयोग हुने खालको निर्माण कार्य गर्न प्राथमिक्ता दिनुपर्नेछ। स्थानीय निर्माण सामाग्री बाहेक अन्य निर्माण सामाग्रीहरुको हकमा जिल्ला भित्रको सबैभन्दा नजिकको बजारबाट ल्याउने, जिल्लामा उपलब्ध नहुने निर्माण सामाग्रीहरु बनेपा, धुलिखेल वा काठमाण्डौं उपत्यकाबाट ल्याउन सकिनेछ।

७) निर्माण सामाग्री ढुवानीको सवारी पासको लागि निर्माण व्यवसायी वा उपभोक्ता समितिले सामाग्रीको विवरण, सामाग्री ल्याउने स्थान, सवारी साधनको नम्बर, चालक तथा हेल्परको नाम लगाएतका विवरण खोलि अनुमतिको लागि सम्बन्धित कार्यालयको सिफारिस सहित यस उप समितिमा निवेदन दिनु पर्नेछ। उप समितिको सिफारिसको आधारमा जिल्ला प्रशासन कार्यालयले औचित्य हेरी निर्माण सामाग्री ढुवानीको सवारी पास उपलब्ध गराउनेछ।

८) निर्माण सामाग्री ढुवानी गर्ने सवारीले सामाग्री ढुवानी गर्ने क्रममा सम्बन्धित सवारीको चालक र हेल्पर भन्दा थप अन्य व्यक्ति राख्न पाईने छैन र तोकिएको निर्माण सामाग्रीभन्दा बाहेक अन्य सामाग्री ओसारपसार गर्न पाईने छैन।

९) निर्माण कार्यको प्राविधिक सुपरभिजन / अनुगमन सम्बन्धित कार्यालयले गर्नु पर्नेछ र सोको लागि खटिने कर्मचारिको लागि आवश्यक पर्ने स्वास्थ्य सुरक्षाका सामाग्री सम्बन्धित कार्यालयले उपलब्ध गराउनुपर्नेछ। साथै सवारी साधनको पासको लागि कार्यालयको सिफारिस यस उप समितिमा पेश गरे पश्चात उप समितिको सिफारिसको आधारमा जिल्ला प्रशासन कार्यालयले औचित्य हेरी सवारी पास उपलब्ध गराउनेछ।

१०) निर्माण व्यवसायी वा उपभोक्ता समितिले कामदारहरुको स्वास्थ्य जाँचको लागि आश्यकता अनुसार सम्बन्धित निर्माण क्षेत्रबाट नजिक पर्ने स्वास्थ्य कार्यालय /प्राथमिक स्वास्थ्य केन्द्र /स्वास्थ्य चौकीसंग समन्वय गर्नुपर्नेछ।

११) निर्माण कार्य संचालन गर्दा यो कार्यविधि पालना गरे नगरेको सम्बन्धमा सम्बन्धित स्थानीय तहले अनुगमन गर्नेछ र आवश्यक्तानुसार District COVID-19 Crisis Management Centre वा उक्त Centre ले तोकेको पदाधिकारीहरुले अनुगमन गर्न सक्नेछन्।

१२) यो कार्यविधि उल्लंघन गरेको पाइएमा निर्माण कार्य रोक्न लगाई, सवारी अनुमति पत्र रद्द गरि प्रचलित कानुन बमोजिम कर्वाही समेत गरिनेछ।

१३) मजदुर /कामदारलाई सम्बन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायीले नाम,थर, ठेगाना, मोबाइल नंबर , काम गर्ने स्थान र कायम रहने अवधिसमेत खुलेको परिचयपत्र उपलब्ध गराउनु पर्नेछ।

१४) निर्माण कार्य संचालन गर्दा कुनै बाधा बिरोध उत्पन्न भएमा सोको सामाधान गर्न स्थानीय निकाय समेतको सहभागितामा यस उपसमितिले पहल गर्नेछ।

१५) कार्यविधि आवश्यक्तानुसार संशोधन गर्ने र बाधा अड्काउ फुकाउने अधिकार District COVID-19 Crisis Management Centre सिन्धुपाल्चोकमा रहनेछ।

१६) यो कार्यविधि District COVID-19 Crisis Management Centre सिन्धुपाल्चोकले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ।